भद्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश नेपाल

# भद्रपुर नगरपालिका

## **स्थानीय राजपत्र**

## कोशी प्रदेश, झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर, असार २९ गते, २०८१ साल, संख्या २

### भाग १

### भद्रपुर नगरपालिका

### नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको ऐन, सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

## भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०८१

*स्वीकृत मिति- २०८१/०३/२८*

*प्रमाणीकरण मिति- २०८१/०३/२९*

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश नेपाल

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको कार्यालय

कोशी प्रदेश

भद्रपुर,झापा

# भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०८१

**गणेश पोखरेल**

**नगर प्रमुख**

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

*स्वीकृत मिति- २०८१/०३/२८*

*प्रमाणीकरण मिति- २०८१/०३/२९*

# भद्रपुर नगरपालिकाको विनियोजन ऐन, २०८१”

## प्रस्तावना

भद्रपुर  नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि बाहौं नगरसभावाट स्वीकृत सेवा र कार्यहरुको लागी सञ्चितकोष बाट खर्च गर्न दिएको अधिकार मार्फत गरिएको संशोधन तथा आर्थिक बर्ष २०८१/०८२ समेतको लागी सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भद्रपुर नगरपालिकाको नगरसभा समक्ष यो विधेयक पारित गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम “भद्रपुर नगरपालिकाको विनियोजन ऐन, २०८१” रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि  प्रारम्भ हुनेछ।

२.सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष ०८०/०८१ को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१  मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८५ करोड ६७ लाख ३ हजार रुपैया मात्र भएकोमा सोलाई संशोधन गदै संशोधित बजेट रु ९८ करोड २३ लाख ४६ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम आर्थिक वर्ष ०८०/०८१ को निमित्त  भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेतको संशोधित बजेट रु ९८ करोड २३ लाख ४६ हजार मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिमको बजेटवाट सोही अनुसुची - १  बमोजिम  सञ्चित कोषवाट २०८१ जेष्ठ मसान्त सम्ममा ५९ करोड ६१ लाख २३ हजार ३ सय ८० पैसा २२ खर्च भएकोले सो खर्चलाई अनुमोदन गदै बाँकी खर्च आगामी नगर सभावाट अनुमोदन हुने गरि नियमानुसार खर्च गर्न अनुमति दिईनेछ।

(३) भद्रपुर नगरपालिकाको विनियोजन ऐन २०७९ को दफा २ बमोजिम आर्थिक वर्ष ०७९/०८० को निमित्त भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेतको संशोधित बजेट रु १ अरब ११ करोड १३ लाख ७३ हजार ५ सय मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिमको बजेटवाट सो आर्थिक वर्षको मसान्त सम्ममा अनुसुची -१  बमोजिम सञ्चित कोषवाट रु ८६ करोड ७ लाख २५ हजार ४ सय ७९ पैसा ४७ खर्च भएकोले सो खर्चलाई अनुमोदन गरियो ।

(४) आर्थिक वर्ष ०८१/०८२ को निमित्त  भद्रपुर नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१  मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा

रकम रु ९९ करोड २ लाख १९ हजार १४ औ नगरसभाको प्रथम बैठकमा प्रश्तुत भएकोमा सो बजेटलाई नगरसभाको दोश्रो बैठकवाट १ अरव २२ करोड १९ हजार मात्रको संसोधन गरी सोही अनुसारको रु १२ करोड ११ लाख ४ हजारको ( आम्दानी भन्दा खर्च बढी ) घाटा बजेट पारित गदै सोही अनुसार निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम व्यय विवरण अनूसुचि - १ मा, आय विवरण अनुसूची-२ मा, चालु कार्यक्रम /पूँजिगत/ वित्तीय खर्च अनुसूची-३ मा र कार्यक्रम तथा पूँजिगत खर्चका विवरणहरु अनुसूची -४ मा उल्लेख भएअनुसार हुनेछन ।

३. विनियोजनः

(१) दफा २ को उपदफा ४ बमोजिम सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त भद्रपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा भद्रपुर नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकमान्तर गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ बमोजिम रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको अंको शिर्षकमा रकमान्तर गरि खर्च गर्नु पर्दा आगामी नगर सभामा संशोधन स्वीकृति लिनु पर्नेछ ।

## अनूसुचि १

| खर्च शि.नं. | बजेट/खर्च शिर्षक तथा खर्चहरुको विवरण | ०७९/०८० को यथार्थ | ०८०/०८१ को प्रश्तावित | ०८०/०८१ जेष्ठ मशान्त सम्मको यथार्थ | ०८०/०८१ को संसोधित | ०८१/०८२ को प्रश्तावित |
|---|---|---|---|---|---|---|
| क) चालु/प्रशासनिक तथा कार्यक्रम खर्च | | | | | | |
| १ | आन्तरिक/राजश्व बाडँडफाँड/मौज्दात/अन्य सस्था(राजश्व ) | २११२८४५२९।९८ | २५८१०००००।०० | १९३८५४६०३।५४ | २८७०७३३००।०० | २७९९५४०००।०० |
| २ | शसर्त अनुदान ( संघ/प्रदेश ) | २७६३८८५२१।५२ | २८९९२५०००।०० | २११७४८८०३।२४ | २९५४६८०००।०० | २९४९५५०००।०० |
| चालु तथा कार्यक्रम खर्च जम्मा | | ४८७६७३०५१।५० | ५४८०२५०००।०० | ४०५६०३४०६।७८ | ५८२५४१३००।०० | ५७४९०९०००।०० |
| ख) पूजिगत कार्यक्रम/वितिय व्यवस्थापन खर्च | | | | | | |
| १ | आन्तरिक/राजश्व बाडँडफाँड/मौज्दात/अन्य सस्था(राजश्व ) | ३१५२५२८६७।४६ | ५७०८९०००।०० | २४६८८०१०।२२ | १४८७१५७००।०० | १५९०५००००।०० |
| २ | वितिय समानीकरण/समपुरक अनुदान ( संघ/प्रदेश ) | | १८५८११०००।०० | १३१७२८४५५।४४ | १८५८११०००।०० | १८९४०००००।०० |

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | शसर्त अनुदान ( संघ/प्रदेश ) | ५७७९९५६०।५१ | ६५२७८०००।०० | ३४१०३५०७।७८ | ६६०७८०००।०० | ९८६६००००।०० |
| **पूँजिगत कार्यक्रम खर्च जम्मा** | | ३७३०५२४२७।९७ | ३०८१७८०००।०० | १९०५१९९७३।४४ | ४००६०४७००।०० | ४४७११००००।०० |
| **कुल जम्मा ( चालु+ पूँजिगत ) खर्च** | | ८६०७२५४७९।४७ | ८५६२०३०००।०० | ५९६१२३३८०।२२ | ९८३१४६०००।०० | १०२२०१९०००।०० |

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत